# लोक सेवा आयोगका सूचनाहरू

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *सूचना तथा प्रकाशन शाखा*

### राजपत्र अनङ्कित द्वितीय श्रेणी (प्राविधिक) पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २०८८/०८२-८३** **प्रकाशन मितिः २०८२/१२/२५**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने राजपत्र अनङ्कित द्वितीय श्रेणी (प्राविधिक) तर्फका निम्नलिखित सेवा, समूह र उपसमूहका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३/०१/२९ सम्ममा **सम्बन्धित बढुवा समितिको सचिवालयमा** दरखास्त दिनुहुन सूचना गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन। दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क (२) को (ग) बमोजिम श्रेणी विहीन पदमा वा राजपत्र अनङ्कित पाँचौं श्रेणीको पदमा आवद्ध भएका उम्मेदवारलाई श्रेणी विहीन पदमा गरेको सेवा अवधिसमेत गणना गरी कम्तीमा कूल सेवा अवधि २० वर्ष पूरा भएको हुनुपर्नेछ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क को उपदफा (२) को (ख) बमोजिम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ।

(ग) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

(घ) निजामती सेवा ऐन, २०४९ को दफा २४ को उपदफा (३) बमोजिम सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन वापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा विज्ञापन प्रकाशन गर्दा तोकिएको दरखास्त दिने अन्तिम मितिसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

(ङ) पहिलेको सेवा अवधिको गणना सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १२३ बमोजिम हुनेछ। सो को लागि सेवा अवधि प्रमाणित भएको हुनुपर्नेछ।

(च) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(छ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ज) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(झ) दरखास्त दस्तुर रु.५००।- (पाँच सय) बुझाउनु पर्नेछ।

**सम्बन्धित बढुवा समितिका सचिवालयहरुले यसै सूचनालाई आधार मानी बढुवा दरखास्त फाराम सङ्कलन गरी बढुवा सम्बन्धी कारबाही अघि बढाउन अनुरोध गरिन्छ।**

**(क) लोक सेवा आयोग, खोटाङ कार्यालय**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ३८८/०८२-८३ | इञ्जि. सर्भे, अमिन | १ (एक) | ओखलढुङ्गा जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गा | सम्बन्धित प्रदेशका प्रमुख सचिव |

**(ख) लोक सेवा आयोग, जलेश्वर कार्यालय**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ३८९/०८२-८३ | अमिन ,इञ्जि., सर्भे | १ (एक) | बारा जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, बारा | सम्बन्धित प्रदेशका प्रमुख सचिव |
| २. | ३९०/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | १ (एक) | सिराहा जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, सिराहा | |
| ३. | ३९१/०८२-८३ | सिनियर मिस्त्री, इञ्जि., मेट्रोलोजी | १ (एक) | पर्सा जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, पर्सा | |
| ४. | ३९२/०८२-८३ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | १ (एक) | धनुषा जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, धनुषा | |

**(ग) लोक सेवा आयोग, काठमाडौं कार्यालय**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ३९३/०८२-८३ | सिनियर मिस्त्री, इञ्जि., मेकानिकल, जनरल मेकानिकल | १ (एक) | केन्द्रस्तरका कार्यालयहरुमा कार्यरत राजपत्र अनंकित पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका रा.प. विशिष्ट श्रेणीका पदाधिकारी |
| २. | ३९४/०८२-८३ | नायब प्राविधिक सहायक, इञ्जि., केमेष्ट्री | १ (एक) | केन्द्रस्तरका कार्यालयहरुमा कार्यरत राजपत्र अनंकित पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | | |
| ३. | ३९५/०८२-८३ | नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | १ (एक) | केन्द्रस्तरका कार्यालयहरुमा कार्यरत राजपत्र अनंकित पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | | |
| ४. | ३९६/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | १ (एक) | काठमाडौं जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, काठमाडौं | सम्बन्धित प्रदेशका प्रमुख सचिव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | ३९७/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | १ (एक) | दोलखा जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, दोलखा | सम्बन्धित प्रदेशका प्रमुख सचिव |

**(घ) लोक सेवा आयोग, हेटौंडा कार्यालय**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ३९८/०८२-८३ | हेड फिल्ड असिस्टेन्ट, वन, बोटानी | १ (एक) | मकवानपुर जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, मकवानपुर | सम्बन्धित प्रदेशका प्रमुख सचिव |

**(ङ) लोक सेवा आयोग, पोखरा कार्यालय**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ३९९/०८२-८३ | अमिन, इञ्जि., सर्भे | १ (एक) | गोरखा जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, गोरखा | सम्बन्धित प्रदेशका प्रमुख सचिव |

**(च) लोक सेवा आयोग, बुटवल कार्यालय**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ४००/०८२-८३ | सिनियर मिस्त्री, इञ्जि., मेट्रोलोजी | १ (एक) | रुपन्देही जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, रुपन्देही | सम्बन्धित प्रदेशका प्रमुख सचिव |
| २. | ४०१/०८२-८३ | अमिन, इञ्जि., सर्भे | १ (एक) | पाल्पा जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, पाल्पा | |

**(छ) लोक सेवा आयोग, दाङ कार्यालय**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ४०२/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | १ (एक) | बाँके जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, बाँके | सम्बन्धित प्रदेशका प्रमुख सचिव |
| २. | ४०३/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | १ (एक) | बाँके जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, बाँके | |

**(ज) लोक सेवा आयोग, सुर्खेत कार्यालय**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ४०४/०८२-८३ | सिनियर मिस्त्री, इञ्जि., मेट्रोलोजी | १ (एक) | सुर्खेत जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, सुर्खेत | सम्बन्धित प्रदेशका प्रमुख सचिव |

**(झ) लोक सेवा आयोग, जुम्ला कार्यालय**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ४०५/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | १ (एक) | जुम्ला जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, जुम्ला | सम्बन्धित प्रदेशका प्रमुख सचिव |
| २. | ४०६/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | १ (एक) | जुम्ला जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, जुम्ला | |

**(ञ) लोक सेवा आयोग, दिपायल कार्यालय**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ४०७/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | १ (एक) | डोटी जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, डोटी | सम्बन्धित प्रदेशका प्रमुख सचिव |
| २. | ४०८/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | १ (एक) | बाजुरा जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, बाजुरा | |

(ट) लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ४०९/०८२-८३ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो.एण्ड डे.डे. | १ (एक) | कैलाली जिल्लास्थित विभिन्न कार्यालयहरुमा रा.प.अनं. पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय,कैलाली | सम्बन्धित प्रदेशका प्रमुख सचिव |

## निजामती सेवाका राजपत्र अनङ्कित द्वितीय श्रेणी (प्राविधिक) तथा स्वास्थ्य सेवाका चौंथो तहका पदहरुको आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं. २०८९/०८२-८३ प्रकाशन मितिः २०८२/१२/२५

निजामती सेवाका निम्न सेवा, समूह, उपसमूहका राजपत्र अनङ्कित द्वितीय श्रेणी (प्राविधिक) तथा स्वास्थ्य सेवाका चौंथो तहका पदहरुमा आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली **psconline1.psc.gov.np** मार्फत् आवेदन दिनुपर्नेछ।

### (क) लोक सेवा आयोग, धनकुटा कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १०११२/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | २ (दुई) | - | २ (दुई) |
| २. | १०११३/०८२-८३ | अमिन, इञ्जि., सर्भे | खुला | - | २ (दुई) | २ (दुई) |
| ३. | १०११४/०८२-८३ | अमिन, इञ्जि., सर्भे | अपाङ्ग | - | १ (एक) | १ (एक) |
| ४. | १०११५/०८२-८३ | नायब प्राविधिक सहायक, कृषि, कृषि प्रसार | खुला | - | १ (एक) | १ (एक) |
| ५. | १०११६/०८२-८३ | नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | खुला | - | १ (एक) | १ (एक) |
| ६. | १०११७/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | १ (एक) | १ (एक) |
| ७. | १०११८/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | महिला | - | १ (एक) | १ (एक) |
| ८. | १०११९/०८२-८३ | अ.हे.व., स्वास्थ्य, हे.ई. | आ.ज. | - | १ (एक) | १ (एक) |

### (ख) लोक सेवा आयोग, इलाम कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १०६५१/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | - | १ (एक) | १ (एक) |
| २. | १०६५२/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | - | १ (एक) | १ (एक) |
| ३. | १०६५३/०८२-८३ | अमिन, इञ्जि., सर्भे | मधेशी | - | १ (एक) | १ (एक) |
| ४. | १०६५४/०८२-८३ | नायब प्राविधिक सहायक, कृषि, बागवानी | खुला | - | १ (एक) | १ (एक) |
| ५. | १०६५५/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | १ (एक) | १ (एक) |

### (ग) लोक सेवा आयोग, खोटाङ कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | ११००१/०८२-८३ | अमिन, इञ्जि., सर्भे | आ.प्र. | - | १ (एक) | १ (एक) |
| २. | ११००२/०८२-८३ | अमिन, इञ्जि., सर्भे | आ.ज. | - | १ (एक) | १ (एक) |
| ३. | ११००३/०८२-८३ | सिनियर गेम स्काउट, वन, ने.पा. एण्ड वा.ला. | खुला | - | १ (एक) | १ (एक) |
| ४. | ११००४/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ५. | ११००५/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | २ (दुई) | २ (दुई) |
| ६. | ११००६/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | दलित | - | १ (एक) | १ (एक) |

### (घ) लोक सेवा आयोग, जलेश्वर कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | ११४१४/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | २ (दुई) | १ (एक) | ३ (तीन) |
| २. | ११४१५/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | महिला | १ (एक) | - | १ (एक) |
| ३. | ११४१६/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | अपाङ्ग | - | १ (एक) | १ (एक) |
| ४. | ११४१७/०८२-८३ | सिनियर मिस्त्री, इञ्जि., मेट्रोलोजी | दलित | - | १ (एक) | १ (एक) |
| ५. | ११४१८/०८२-८३ | अमिन, इञ्जि., सर्भे | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ६. | ११४१९/०८२-८३ | अमिन, इञ्जि., सर्भे | खुला | - | २ (दुई) | २ (दुई) |
| ७. | ११४२०/०८२-८३ | अमिन, इञ्जि., सर्भे | महिला | - | १ (एक) | १ (एक) |
| ८. | ११४२१/०८२-८३ | अमिन, इञ्जि., सर्भे | मधेशी | - | १ (एक) | १ (एक) |
| ९. | ११४२२/०८२-८३ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | खुला | - | १ (एक) | १ (एक) |
| १०. | ११४२३/०८२-८३ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | आ.ज. | - | १ (एक) | १ (एक) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | ११४२४/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | आ.प्र. | - | १ (एक) | १ (एक) |
| १२. | ११४२५/०८२-८३ | अ.हे.व., स्वास्थ्य, हे.ई. | खुला | - | १ (एक) | १ (एक) |
| १३. | ११४२६/०८२-८३ | अ.न.मी. स्वास्थ्य, क.न./प.हे.न. | खुला | - | २ (दुई) | २ (दुई) |
| १४. | ११४२७/०८२-८३ | अ.न.मी. स्वास्थ्य, क.न./प.हे.न. | आ.ज. | - | १ (एक) | १ (एक) |

**(ङ) लोक सेवा आयोग, काठमाडौं कार्यालय**

| क.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुन: विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १२०४६/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | आ.प्र. | - | १ (एक) | १ (एक) |
| २. | १२०४७/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | खुला | - | १ (एक) | १ (एक) |
| ३. | १२०४८/०८२-८३ | सिनियर मिस्त्री, इञ्जि., मेकानिकल, जनरल मेकानिकल | आ.ज. | - | १ (एक) | १ (एक) |
| ४. | १२०४९/०८२-८३ | नायव प्राविधिक सहायक, इञ्जि., केमेष्ट्री | खुला | - | २ (दुई) | २ (दुई) |
| ५. | १२०५०/०८२-८३ | नायव प्राविधिक सहायक, इञ्जि., केमेष्ट्री | मधेशी | - | १ (एक) | १ (एक) |
| ६. | १२०५१/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | १ (एक) | - | १ (एक) |
| ७. | १२०५२/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | आ.प्र. | - | २ (दुई) | २ (दुई) |
| ८. | १२०५३/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | १ (एक) | १ (एक) | २ (दुई) |
| ९. | १२०५४/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | महिला | - | १ (एक) | १ (एक) |
| १०. | १२०५५/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | मधेशी | - | १ (एक) | १ (एक) |
| ११. | १२०५६/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | अपाङ्ग | १ (एक) | - | १ (एक) |
| १२. | १२०५७/०८२-८३ | इलेक्ट्रिसियन, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | १ (एक) | - | १ (एक) |
| १३. | १२०५८/०८२-८३ | सिनियर मिस्त्री, इञ्जि., मेट्रोलोजी | मधेशी | - | १ (एक) | १ (एक) |
| १४. | १२०५९/०८२-८३ | अमिन, इञ्जि., सर्भे | आ.प्र. | - | १ (एक) | १ (एक) |
| १५. | १२०६०/०८२-८३ | अमिन, इञ्जि., सर्भे | खुला | - | १ (एक) | १ (एक) |
| १६. | १२०६१/०८२-८३ | अमिन, इञ्जि., सर्भे | आ.ज. | - | १ (एक) | १ (एक) |
| १७. | १२०६२/०८२-८३ | नायब प्राविधिक सहायक, कृषि, बाली संरक्षण | खुला | - | १ (एक) | १ (एक) |
| १८. | १२०६३/०८२-८३ | नायब प्राविधिक सहायक, कृषि, बाली संरक्षण | महिला | - | १ (एक) | १ (एक) |
| १९. | १२०६४/०८२-८३ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | आ.प्र. | - | १ (एक) | १ (एक) |
| २०. | १२०६५/०८२-८३ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | खुला | - | १ (एक) | १ (एक) |
| २१. | १२०६६/०८२-८३ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | महिला | - | १ (एक) | १ (एक) |
| २२. | १२०६७/०८२-८३ | नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | आ.प्र. | - | १ (एक) | १ (एक) |
| २३. | १२०६८/०८२-८३ | नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | खुला | - | ३ (तीन) | ३ (तीन) |
| २४. | १२०६९/०८२-८३ | नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | दलित | - | १ (एक) | १ (एक) |
| २५. | १२०७०/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | ३ (तीन) | ३ (तीन) |
| २६. | १२०७१/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | महिला | - | १ (एक) | १ (एक) |
| २७. | १२०७२/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | मधेशी | - | १ (एक) | १ (एक) |
| २८. | १२०७३/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | दलित | - | १ (एक) | १ (एक) |
| २९. | १२०७४/०८२-८३ | शिक्षक (फेसन डिजाइनर), विविध | खुला | - | १ (एक) | १ (एक) |
| ३०. | १२०७५/०८२-८३ | शिक्षक (फेसन डिजाइनर), विविध | महिला | - | १ (एक) | १ (एक) |
| ३१. | १२०७६/०८२-८३ | सहायक गाइड, शिक्षा, पुरातत्व, पुरातत्व | महिला | - | १ (एक) | १ (एक) |
| ३२. | १२०७७/०८२-८३ | प्राविधिक सहायक, शिक्षा, पुरातत्व, पुरातत्व | खुला | - | १ (एक) | १ (एक) |
| ३३. | १२०७८/०८२-८३ | बुक बाइण्डर, शिक्षा, मुद्रण व्यवस्थापन, मुद्रण व्यवस्थापन | खुला | - | १ (एक) | १ (एक) |

**(च) लोक सेवा आयोग, हेटौंडा कार्यालय**

| क.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुन: विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १२५५१/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | - | १ (एक) | १ (एक) |
| २. | १२५५२/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | मधेशी | १ (एक) | - | १ (एक) |
| ३. | १२५५३/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | दलित | - | १ (एक) | १ (एक) |
| ४. | १२५५४/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | - | १ (एक) | १ (एक) |
| ५. | १२५५५/०८२-८३ | अमिन, इञ्जि., सर्भे | खुला | - | १ (एक) | १ (एक) |
| ६. | १२५५६/०८२-८३ | अमिन, इञ्जि., सर्भे | अपाङ्ग | - | १ (एक) | १ (एक) |
| ७. | १२५५७/०८२-८३ | नायब प्राविधिक सहायक, कृषि, खा.पो.गु.नि. | महिला | - | १ (एक) | १ (एक) |
| ८. | १२५५८/०८२-८३ | हेड फिल्ड असिस्टेन्ट, वन, बोटानी | खुला | - | १ (एक) | १ (एक) |
| ९. | १२५५९/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | १ (एक) | १ (एक) |

(छ) लोक सेवा आयोग, पोखरा कार्यालय

| क.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १२९६५/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | आ.प्र. | - | १ (एक) | १ (एक) |
| २. | १२९६६/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | खुला | - | १ (एक) | १ (एक) |
| ३. | १२९६७/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ४. | १२९६८/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | १ (एक) | २ (दुई) | ३ (तीन) |
| ५. | १२९६९/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | महिला | - | १ (एक) | १ (एक) |
| ६. | १२९७०/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | मधेशी | १ (एक) | - | १ (एक) |
| ७. | १२९७१/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ८. | १२९७२/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | २ (दुई) | १ (एक) | ३ (तीन) |
| ९. | १२९७३/०८२-८३ | अमिन, इञ्जि., सर्भे | खुला | - | २ (दुई) | २ (दुई) |
| १०. | १२९७४/०८२-८३ | अमिन, इञ्जि., सर्भे | मधेशी | - | १ (एक) | १ (एक) |
| ११. | १२९७५/०८२-८३ | अमिन, इञ्जि., सर्भे | अपाङ्ग | - | १ (एक) | १ (एक) |
| १२. | १२९७६/०८२-८३ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | आ.प्र. | - | १ (एक) | १ (एक) |
| १३. | १२९७७/०८२-८३ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | महिला | - | १ (एक) | १ (एक) |
| १४. | १२९७८/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | महिला | - | १ (एक) | १ (एक) |
| १५. | १२९७९/०८२-८३ | प्राविधिक सहायक, शिक्षा, पुरातत्व | आ.प्र. | - | १ (एक) | १ (एक) |

(ज) लोक सेवा आयोग, बागलुङ कार्यालय

| क.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १३५०१/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | आ.प्र. | - | १ (एक) | १ (एक) |
| २. | १३५०२/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | महिला | - | १ (एक) | १ (एक) |
| ३. | १३५०३/०८२-८३ | अमिन, इञ्जि., सर्भे | खुला | - | २ (दुई) | २ (दुई) |
| ४. | १३५०४/०८२-८३ | अमिन, इञ्जि., सर्भे | आ.ज. | - | १ (एक) | १ (एक) |
| ५. | १३५०५/०८२-८३ | अमिन, इञ्जि., सर्भे | दलित | - | १ (एक) | १ (एक) |
| ६. | १३५०६/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | २ (दुई) | २ (दुई) |
| ७. | १३५०७/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | पि.क्षे. | - | १ (एक) | १ (एक) |
| ८. | १३५०८/०८२-८३ | अ.हे.व., स्वास्थ्य. हे.ई. | खुला | - | १ (एक) | १ (एक) |

(झ) लोक सेवा आयोग, बुटवल कार्यालय

| क.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १३९१५/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | आ.ज. | १ (एक) | - | १ (एक) |
| २. | १३९१६/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | १ (एक) | १ (एक) | २ (दुई) |
| ३. | १३९१७/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | महिला | १ (एक) | - | १ (एक) |
| ४. | १३९१८/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | आ.ज. | - | १ (एक) | १ (एक) |
| ५. | १३९१९/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | दलित | १ (एक) | - | १ (एक) |
| ६. | १३९२०/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | - | १ (एक) | १ (एक) |
| ७. | १३९२१/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | दलित | - | १ (एक) | १ (एक) |
| ८. | १३९२२/०८२-८३ | सिनियर मिस्त्री, इञ्जि., मेट्रोलोजी | खुला | - | १ (एक) | १ (एक) |
| ९. | १३९२३/०८२-८३ | अमिन, इञ्जि., सर्भे | आ.प्र. | - | १ (एक) | १ (एक) |
| १०. | १३९२४/०८२-८३ | अमिन, इञ्जि., सर्भे | आ.ज. | - | १ (एक) | १ (एक) |
| ११. | १३९२५/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | आ.प्र. | - | २ (दुई) | २ (दुई) |
| १२. | १३९२६/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | पि.क्षे. | - | १ (एक) | १ (एक) |

(ञ) लोक सेवा आयोग, दाङ कार्यालय

| क.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १४४५१/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | मधेशी | - | १ (एक) | १ (एक) |
| २. | १४४५२/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | - | २ (दुई) | २ (दुई) |
| ३. | १४४५३/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | महिला | - | १ (एक) | १ (एक) |
| ४. | १४४५४/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | आ.ज. | - | १ (एक) | १ (एक) |
| ५. | १४४५५/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | दलित | १ (एक) | - | १ (एक) |
| ६. | १४४५६/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ७. | १४४५७/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | २ (दुई) | १ (एक) | ३ (तीन) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | १४४५८/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | महिला | - | १ (एक) | १ (एक) |
| ९. | १४४५९/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | मधेशी | - | १ (एक) | १ (एक) |
| १०. | १४४६०/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | अपाङ्ग | १ (एक) | - | १ (एक) |
| ११. | १४४६१/०८२-८३ | इलेक्ट्रिसियन, इञ्जि., मेकानिकल, नि.उ.स. | महिला | १ (एक) | - | १ (एक) |
| १२. | १४४६२/०८२-८३ | सिनियर मिस्त्री, इञ्जि., मेट्रोलोजी | दलित | १ (एक) | - | १ (एक) |
| १३. | १४४६३/०८२-८३ | नायब मौसम विज्ञान सहायक, इञ्जि., मेटेरियोलोजी | खुला | - | १ (एक) | १ (एक) |
| १४. | १४४६४/०८२-८३ | अमिन, इञ्जि., सर्वे | आ.ज. | - | १ (एक) | १ (एक) |
| १५. | १४४६५/०८२-८३ | ल्याब असिस्टेन्ट, इञ्जि. सिभिल, हाइवे | खुला | - | १ (एक) | १ (एक) |
| १६. | १४४६६/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | १ (एक) | १ (एक) |
| १७. | १४४६७/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | महिला | - | १ (एक) | १ (एक) |

## (ट) लोक सेवा आयोग, सुर्खेत कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १४८६२/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | महिला | - | १ (एक) | १ (एक) |
| २. | १४८६३/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | दलित | १ (एक) | - | १ (एक) |
| ३. | १४८६४/०८२-८३ | नायब मौसम विज्ञान सहायक, इञ्जि., मेटेरियोलोजी | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ४. | १४८६५/०८२-८३ | नायब मौसम विज्ञान सहायक, इञ्जि., मेटेरियोलोजी | खुला | - | १ (एक) | १ (एक) |
| ५. | १४८६६/०८२-८३ | नायब मौसम विज्ञान सहायक, इञ्जि., मेटेरियोलोजी | मधेशी | - | १ (एक) | १ (एक) |
| ६. | १४८६७/०८२-८३ | अमिन, इञ्जि., सर्वे | खुला | - | १ (एक) | १ (एक) |
| ७. | १४८६८/०८२-८३ | नायब प्राविधिक सहायक, कृषि, बागवानी | खुला | - | १ (एक) | १ (एक) |
| ८. | १४८६९/०८२-८३ | अ.हे.व. स्वास्थ्य, हे.ई. | खुला | - | १ (एक) | १ (एक) |

## (ठ) लोक सेवा आयोग, जुम्ला कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १५४०१/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | खुला | - | १ (एक) | १ (एक) |
| २. | १५४०२/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | १ (एक) | - | १ (एक) |
| ३. | १५४०३/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | १ (एक) | - | १ (एक) |
| ४. | १५४०४/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | आ.ज. | १ (एक) | - | १ (एक) |
| ५. | १५४०५/०८२-८३ | अमिन, इञ्जि., सर्वे | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ६. | १५४०६/०८२-८३ | अमिन, इञ्जि., सर्वे | खुला | - | १ (एक) | १ (एक) |
| ७. | १५४०७/०८२-८३ | अमिन, इञ्जि., सर्वे | पि.क्षे. | - | १ (एक) | १ (एक) |
| ८. | १५४०८/०८२-८३ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | १ (एक) | १ (एक) |

## (ड) लोक सेवा आयोग, दिपायल कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १५८१६/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | दलित | १ (एक) | - | १ (एक) |
| २. | १५८१७/०८२-८३ | अमिन, इञ्जि., सर्वे | खुला | - | १ (एक) | १ (एक) |
| ३. | १५८१८/०८२-८३ | अमिन, इञ्जि., सर्वे | आ.ज. | - | १ (एक) | १ (एक) |

## (ढ) लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६३५१/०८२-८३ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | खुला | - | १ (एक) | १ (एक) |
| २. | १६३५२/०८२-८३ | ल्याब असिस्टेण्ट, इञ्जि., सिभिल, हाइवे | खुला | - | १ (एक) | १ (एक) |
| ३. | १६३५३/०८२-८३ | ल्याब असिस्टेण्ट, इञ्जि., सिभिल, हाइवे | महिला | - | १ (एक) | १ (एक) |
| ४. | १६३५४/०८२-८३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | १ (एक) | - | १ (एक) |
| ५. | १६३५५/०८२-८३ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | १ (एक) | - | १ (एक) |
| ६. | १६३५६/०८२-८३ | अ.हे.व., स्वास्थ्य, हे.ई. | खुला | - | १ (एक) | १ (एक) |

**विज्ञापनसम्बन्धी विशेष सूचनाः-**

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० उपर भएको उत्प्रेषण परमादेशको आदेश बमोजिम जारी हुने सङ्घीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत पदसंख्या निर्धारण भएबमोजिम हुने गरी हाललाई निजामती सेवा ऐन, २०४९ बमोजिम विज्ञापन सूचना प्रकाशन गरिएको छ।

**परीक्षाको किसिमः-** पाठ्यक्रममा तोकिए बमोजिम लिखित, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः-** केन्द्रीय कार्यालय बाहेक आयोगका सबै कार्यालयहरु।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु.५००।- (पाँच सय) बुझाउनु पर्नेछ। समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु.१५०।- (एक सय पचास) थप दस्तुर बुझाउनु पर्नेछ। साथै उम्मेदवारले छनौट गरेको सेवा/समूहको क्लष्टरका आधारमा एक भन्दा बढी क्लष्टर प्रत्येकका लागि थप रु.१५०।- (एक सय पचास) का दरले परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८३।१।१५ गते र दोब्बर दस्तुर तिरी २०८३।१।२२ गतेसम्म।

**उम्मेदवारको उमेरको हदः-**
- २०८३।१।१५ गतेसम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको।
- स्वास्थ्य सेवातर्फका पदहरुको हकमा २०८३।१।१५ सम्म १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको।
- निजामती सेवाका पदमा बहालवाला स्थायी निजामती कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणालीमार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगदसमेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा मिति २०८३।१।२३ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPEG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी।

**तलबः-** प्रचलित कानून बमोजिम।

**सेवा सम्बन्धी निकायः-** सेवा, समूहको कार्य सञ्चालन गर्न तोकिएका सम्बन्धित आयोग/मन्त्रालय/निकाय।

## लिखित परीक्षा कार्यक्रम

**समयः प्रथम पत्र दिनको १:०० बजे (४५ मिनेट) र द्वितीय पत्रः दिनको २:१५ बजे (२ घण्टा १५ मिनेट)**

| क्र.सं. | पद, सेवा, समूह, उपसमूह | मिति | क्र.सं. | पद, सेवा, समूह, उपसमूह | मिति |
|---|---|---|---|---|---|
| १ | अमिन, इञ्जि., सर्भे | २०८३।०४।०९ | १२ | सिनियर मिस्त्री, इञ्जि., मेट्रोलोजी | २०८३।०४।१५ |
| २ | सहायक कम्प्युटर अपरेटर, विविध | २०८३।०४।१० | १३ | नायब प्राविधिक सहायक, कृषि, कृषि प्रसार/बागवानी/बाली संरक्षण | २०८३।०४।१६ |
| ३ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | २०८३।०४।११ | १४ | प्राविधिक सहायक, शिक्षा, पुरातत्व, पुरातत्व | २०८३।०४।१६ |
| ४ | सिनियर गेम स्काउट, वन, ने.पा. एण्ड वा.ला. | २०८३।०४।११ | १५ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे./नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | २०८३।०४।१७ |
| ५ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | २०८३।०४।१२ | १६ | नायब मौसम विज्ञान सहायक, इञ्जि., मेटेरियोलोजी | २०८३।०४।१७ |
| ६ | नायब प्राविधिक सहायक, कृषि, खा.पो. तथा गु.नि. | २०८३।०४।१२ | १७ | सहायक गाईड, शिक्षा, पुरातत्व, पुरातत्व | २०८३।०४।१८ |
| ७ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | २०८३।०४।१३ | १८ | बुक बाइण्डर, शिक्षा, मुद्रण व्यवस्थापन, मुद्रण व्यवस्थापन | २०८३।०४।१९ |
| ८ | अ.न.मी., स्वास्थ्य, क.न./प.हे.न. | २०८३।०४।१३ | १९ | सिनियर मिस्त्री, इञ्जि., मेकानिकल, जनरल मेकानिकल | २०८३।०४।२० |
| ९ | अ.हे.व., स्वास्थ्य, हे.ई. | २०८३।०४।१४ | २० | नायब प्राविधिक सहायक, इञ्जि. केमेष्ट्री | २०८३।०४।२१ |
| १० | इलेक्ट्रिसियन, इञ्जि., मेकानिकल, नि.उ.स. | २०८३।०४।१४ | २१ | ल्याब असिस्टेन्ट, इञ्जि., सिभिल, हाइवे | पछि प्रकाशन गरिनेछ। |
| ११ | हेड-फिल्ड असिष्टेण्ट, वन, बोटानी | २०८३।०४।१४ | २२ | शिक्षक (फेसन डिजाइनर), विविध | |

**नोट : प्रथम र द्वितीय पत्रको परीक्षा पाठ्यक्रममा तोकिए बमोजिम एकै दिनमा सञ्चालन हुनेछ।**

## आवश्यक न्यूनतम योग्यता

**खुला तथा समावेशीको लागिः**

निजामती सेवा ऐन, २०४९ को दफा १० र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको तथा देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

१. **गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्कः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा तथ्याङ्कशास्त्र विषय सहित प्रविणता प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण वा ऐच्छिक गणित विषय सहित एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ३ महिनाको तालिम प्राप्त वा गणित विषय सहित एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ६ महिनाको अनुभव प्राप्त।

२. **ल्याब असिस्टेन्ट, इञ्जि., सिभिल, हाइवे :** मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय सहित एस.एल.सी. वा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

३. **सिनियर मिस्त्री, इञ्जि., मेकानिकल, जनरल मेकानिकलः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इञ्जिनियरिङ्ग विषयमा टि. एस. एल. सी. वा सो सरह उत्तीर्ण।

४. **अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रोलर, टिपरट्रक, डोजर, लोडर, एक्साभेटर जस्ता मेसिनहरुमध्ये कुनै एक सञ्चालन गर्ने लाइसेन्स प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा वा सो सरह उत्तीर्ण गरी रोलर, टिपरट्रक, डोजर, लोडर, एक्साभेटर जस्ता निर्माण उपकरणहरुमध्ये कुनै दुई मेसिन चलाउने लाइसेन्स प्राप्त।

५. **मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट टि.एस.एल.सी. (अटोमेकानिक्स वा जनरल मेकानिक्स) वा सो सरह उत्तीर्ण।

६. **इलेक्ट्रिसियन, इञ्जि., मेकानिकल, नि.उ.स. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट टि.एस.एल.सी. (अटो इलेक्ट्रिकल वा जनरल इलेक्ट्रिकल) वा सो सरह उत्तीर्ण।

७. **सिनियर मिस्त्री, इञ्जि., मेट्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी मेकानिकल विषयमा प्रमाणपत्र तह वा आई. एस्सी. वा सो सरह उत्तीर्ण।

८. **नायब मौसम विज्ञान सहायक, इञ्जि., मेटेरियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट टि.एस.एल.सी. वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयको तालिम वा एक वर्षको अनुभव प्राप्त।

९. **अमिन, इञ्जि., सर्भे, :** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको। तर सम्वत् २०६८ साल भदौ १२ गते सूचना प्रकाशित हुनु अघि इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहमा वहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

१०. **नायब प्राविधिक सहायक, इञ्जि., केमेष्ट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट टि.एस.एल.सी. वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा एक वर्षको अनुभव प्राप्त।

११. **नायब प्राविधिक सहायक, कृषि, कृषि प्रसार/बागवानी/बाली संरक्षण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण।

१२. **नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण।

१३. **नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. पशु विज्ञान (पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशु पालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण।

१४. **नायब प्राविधिक सहायक, कृषि, खा.पो. तथा गु.नि. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय लिई एस.एल.सी. वा खाद्य विज्ञान विषयको टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण।
नोटः मिति २०६९।८।२५ को राजपत्रमा प्रकाशित कृषि सेवाको लागि माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागू हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुनेछ।

१५. **हेड-फिल्ड असिष्टेण्ट, वन, बोटानी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण।

१६. **सिनियर गेम स्काउट, वन, ने.पा. एण्ड वा.ला. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई शारीरिक तन्दुरुस्त भएको र नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट वन सम्बन्धी तह २ को सीप परीक्षा उत्तीर्ण वा क्षेत्रीय वन तालिम केन्द्रबाट कम्तीमा तीस कार्यदिनको वन सम्बन्धी तालिम प्राप्त गरेको।

१७. **सहायक कम्प्युटर अपरेटर, विविध :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित तीन महिनाको कम्प्युटर तालिम प्राप्त।

१८. **शिक्षक (फेसन डिजाइनर), विविध :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा नेपाल सरकारबाट स्वीकृत संस्थाबाट एक वर्ष तालिम प्राप्त वा मान्यता प्राप्त प्राविधिक शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एस.एल.सी. वा सो सरह उत्तीर्ण।

१९. **सहायक गाईड, शिक्षा, पुरातत्व, पुरातत्व :** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र गाईड तालिम प्राप्त।

२०. **प्राविधिक सहायक, शिक्षा, पुरातत्व, पुरातत्व :** मान्यता प्राप्त शिक्षण संस्थाबाट इतिहास र संस्कृति मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

२१. **बुक बाइण्डर, शिक्षा, मुद्रण व्यवस्थापन, मुद्रण व्यवस्थापन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी बुक बाइण्डिङ्ग सम्बन्धमा ५ महिनाको तालिम वा बुक बाइण्डिङ्ग सम्बन्धी २ वर्षको अनुभव प्राप्त।

२२. **अ.हे.व., स्वास्थ्य, हे.ई. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्स उत्तीर्ण।

२३. **अ.न.मी., स्वास्थ्य, क.न./प.हे.न.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण।

**नोटः ग्रेडिङ प्रणाली लागू भए पश्चात् एस.एल.सी./SEE वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ।**

## आन्तरिक प्रतियोगिताको लागि विशेष सूचना

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदहरुमा राजपत्र अनङ्कित तृतीय श्रेणी र श्रेणीविहीन पदमा कार्यरत स्थायी कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(ख) राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (६) बमोजिम न्यूनतम सेवा अवधि (तीन वर्ष) पूरा गरेको हुनु पर्नेछ। (तर महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका निजामती कर्मचारीहरुको उल्लेखित सेवा अवधिमा एक वर्ष कम भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन् )

(ग) निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा १४क र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत आवश्यक न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका सम्बन्धित कर्मचारीहरु उम्मेदवार हुन पाउनेछन्।

(घ) पहिलेको सेवा अवधिको गणना सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १२३ बमोजिम हुनेछ। सो को लागि सेवा अवधि प्रमाणित भएको हुनुपर्नेछ।

(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(च) अनलाईन दरखास्त फाराम भर्दा आफ्नो सेवा सम्बन्धी विवरण अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

## खुला तथा समावेशी परीक्षाको लागि विशेष सूचना

(क) निजामती सेवा ऐन, २०४९ को दफा १० र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

(ख) खुला र समावेशीतर्फको लिखित परीक्षा एकै सिटिङ्ग, एकै मिति र समयमा हुनेछ, छुट्टाछुट्टै परीक्षा दिनु पर्नेछैन।

(ग) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ।

(घ) लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारले प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि सेवा, समूह र कार्यालयहरुको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ। सेवा, समूह तथा कार्यालयको प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्तर्वार्तामा सहभागी गराइने छैन।

(ङ) समावेशी समूहतर्फ लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

(च) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारले एक पटक मात्र प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ। प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

(छ) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा, समूह र कार्यालयहरुको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

## उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

आ.प्र., खुला तथा समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा सूचनामा माग गरिए बमोजिमका कागजातहरु अनिवार्य रुपले पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कलसहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

## एकीकृत तथा संयुक्त परीक्षा हुने र समावेशी समूह सहितका विज्ञापनमा दरखास्त फाराम पेश गर्दा उम्मेदवारले ध्यान दिनु पर्ने कुरा

एकीकृत तथा संयुक्त परीक्षा हुने र समावेशी समूह सहितका विज्ञापनमा अनलाईनमार्फत दरखास्त फाराम पेश गर्दा उम्मेदवारले दरखास्त पेश गर्न चाहेका सबै सेवा/समूह र खुला तथा समावेशी समूहका लागि एकसाथ दरखास्त पेश गर्नुपर्नेछ।

**समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु**

(क) **आदिवासी/जनजातिका हकमा:-** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) **मधेशीका हकमा:-** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

(ग) **दलितका हकमा:-** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(घ) **अपाङ्गका हकमा:-** समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(ङ) **पिछडिएको क्षेत्रका हकमा:-** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्ड (१) तथा सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा (६) को स्पष्टीकरण खण्ड (१) एवम् स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टीकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा ३ महिना अगाडीसम्मको सिफारिसको आधारमा।

स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा (६) को स्पष्टीकरण खण्ड (१) र स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टीकरण खण्ड (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराइ गरेको खुल्ने कागजात।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा विज्ञापन प्रकाशन गर्दा तोकिएको दरखास्त दिने अन्तिम मितिसम्ममा सम्बन्धित पदको लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन हुनुपूर्व रा.प.अनं. द्वितीय श्रेणी वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारी निजामती सेवातर्फका यस विज्ञापनमा उम्मेदवार हुन पाउने छैनन्।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेका दरखास्त स्वीकृत गरिने छैन।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नुपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(च) विज्ञापन प्रकाशन गर्दा तोकिएको दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(छ) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा, समूहको क्लष्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।

(ज) विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्रहरु छनौट गर्नुपर्नेछ।

(झ) परीक्षामा परीक्षार्थीले कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ञ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा समेत हेर्न सकिने छ।

(ट) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ।